# सामाजिक अध्ययनको सिकाइ उपलब्धिमा प्रभाव पार्ने कारक तत्त्वहरू

त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र सङ्काय, पाठ्यक्रम तथा
मूल्याङ्कन विभाग अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको
शिक्षा ५९८ पाठ्यांशको आंशिक आवश्यकता
परिपूर्तिको लागि तयार गरिएको

## शोधपत्र


शोधार्थी
दामोदर पोखरेल
परीक्षा रोल नं. २१४००१४/२०६६
त्रि.वि. दर्ता नं. २६७१-८४
शैक्षिक सत्र : २०६४/०६५

सुकुना बहुमुखी क्याम्पस
पाठ्यक्रम तथा मूल्याङ्कन विभाग
कोसीहरैँचा, मोरङ



२०७२

# सुकुना बहुमुखी क्याम्पस

## SUKUNA MULTIPLE CAMPUS

## INDRAPUR, MORANG

## स्नातकोत्तर कार्यक्रम

### DEGREE PROGRAM (M.ED.)

मिति................................

विषय : सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, श्री सुकुना बहुमुखी क्याम्पस पाठ्यक्रम तथा मूल्याङ्कन विभाग, मोरङ अन्तर्गत द्वितीय वर्षका छात्र दामोदर पोखरेलले ‘सामाजिक अध्ययनको सिकाइ उपलब्धिमा प्रभाव पार्ने कारक तत्त्वहरू’ शीर्षकको शोध पत्र मेरो निर्देशन, सल्लाह र सुझावका आधारमा तयार पार्नु भएको हो । उक्त शोधकार्य निजबाट आफैँ गरिएको छ । निजको शोधकार्यप्रति म सन्तुष्ट छु । प्रस्तुत शोधपत्रलाई मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

शोधनिर्देशक

श्री भोजराज घिमिरे

# सुकुना बहुमुखी क्याम्पस

## SUKUNA MULTIPLE CAMPUS

## INDRAPUR, MORANG

## स्नातकोत्तर कार्यक्रम

### DEGREE PROGRAM (M.ED.)

मिति................................

विषय : स्वीकृत पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, श्री सुकुना बहुमुखी क्याम्पस, इन्द्रपुर मोरङमा पाठ्यक्रम तथा मूल्याङ्कन विषय लिई स्नातकोत्तर तहमा अध्ययन गर्ने छात्र दामोदर पोखरेलले यस तहको उपाधिका निमित्त निर्धारित आंशिक आवश्यकता परिपूर्ति गर्न प्रस्तुत गर्नु भएको 'सामाजिक अध्ययनको सिकाइ उपलब्धिमा प्रभाव पार्ने कारक तत्त्वहरू' शीर्षकको शोधपत्र मूल्याङ्कनका लागि सिफारिस भएको हुँदा यस समितिबाट स्वीकृत प्रदान गरिएको छ ।

**मूल्याङ्कन समिति**

| क.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| ०१ | केशबराज भट्टराई | विभागीय प्रमुख | |
| ०२ | भोजराज घिमिरे | शोध निर्देशक | |
| ०३ | | बाह्य परीक्षक | |

# कृतज्ञता ज्ञापन

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय पाठ्यक्रम तथा मूल्याङ्कन विभागअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको आंशिक आवश्यकता पूरा गर्न यो सामाजिक अध्ययनको सिकाइ उपलब्धिमा प्रभाव पार्ने कारक तत्त्वहरू नामक सोधपत्र तयार गरेको छु । प्रस्तुत शोधकार्य सम्पन्न गर्न मैले विभिन्न शुभचिन्तक एवं विद्वान् गुरुहरूबाट महत्त्वपूर्ण सहयोग पाएको छु । यसै क्रममा मलाई महत्त्वपूर्ण सल्लाह एवं सुझाव दिनुहुने सुकुना बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख पीतकुमार श्रेष्ठ र विभागीय प्रमुख केशवराज भट्टराईप्रति कृतज्ञता ज्ञापन गर्नु म आफ्नो पहिलो कर्तव्य ठान्दछु । यो शोधपत्र मैले मेरा आदरणीय गुरु  भोजराज घिमिरेको निर्देशनमा तयार पारेको हुँ । वहाँले  अत्यन्त धेरै कार्य व्यस्तता रहँदारहँदै पनि शोध निर्देशकका रूपमा मेरो रुचीअनुसारको विषय छनौटदेखि आवरण तयारीसम्म दिनु भएको विद्वतापूर्ण मार्ग निर्देशनबाट यो शोधपत्र यस रूपमा आएको हो । अतः यो शोधपत्र परिमार्जन र सुधारका लागि पटक पटक सल्लाह, सुझाव एवं मार्ग निर्देशन दिनुहुने मेरा श्रद्धेय गुरुप्रति म सर्वप्रथम हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।यो भौगोलिक क्षेत्रमा अध्ययनको सुविधा उपलब्ध गराइदिइ यो शोधपत्र तयार गर्न अवसर प्रदान गर्नू हुने सुकुना वहुमुखी क्याम्पस, पाठ्यक्रम तथा मूल्याङ्कन विभाग परिवारप्रति आभार प्रस्तुत गर्दछु ।

यस शोध कार्यलाई आवश्यक पर्ने तथ्याङ्क उपलब्ध गराउने कममा प्रश्नावली, अन्तर्वार्ता र छलफलमा सक्रीय सहभागी भई सहयोग पुऱ्याउनु हुने विद्यार्थी, अभिभावक, शिक्षक, प्रधानाध्यापक, स्रोतव्यक्ति र विद्यालय निरीक्षकहरूप्रति आत्मैदेखि नै कृतज्ञ भएको छु । मेरो यो शोधपत्रसँग सम्बन्धित साहित्य, दर्शन प्रतिपादनगर्ने विद्वान्हरू, प्रकाशकहरू र प्रकाशित भएका साहित्यिक कृति तथा सन्दर्भ सामग्रीहरू उपलब्ध गराउने सुकुना क्याम्पस पुस्तकालय परिवारप्रति अनुग्रहीत छु ।

मातापिता छोराछोरीका लागि विभिन्न प्रेरणाका महत्वपूर्ण स्रोत हुन्छन् । मेरो विद्याध्ययनका प्रत्येक खुड्किलामा मेरा पिता श्रीघनश्याम पोखरेल र माता स्व. चन्द्रकला पोखरेलका शुभाशीर्वादले महत्वपूर्ण भूमिका खेलेको मैले अनुभूति गरेको छु । अतः वहाँहरू प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यसरी नै शिक्षा आर्जन निरन्तर रूपमा गरिरहनु पर्दछ भनी अध्ययनमा प्रोत्साहित गरिरहने मेरा दाजु प्रा. डा. भोलानाथ पोखरेलप्रति कृतज्ञ छु । यसै गरेर यस शोध कार्यमा विविध सन्दर्भमा सहायता गर्ने मेरा भाइहरू र बुहारीहरू सबैमा

साधुवाद व्यक्त गर्दछु । साथै यो शोध अध्ययनका लागि घरायसी वातावरण सहज पारिदिने जीवन सहयात्री मन्दा पोखरेल र छोरा आगत पोखरेलप्रति आभारी छु ।

प्रस्तुत शोधपत्रको तालिकीकरण गर्ने देखि शोधपत्रको सजीव आकृति तर्फ डोऱ्याउन विशेष सल्लाह, सुझाव र शुद्धाशुद्धि समेत हेरिदिनु हुने आदर्श उ.मा.वि. डाइनियाँका शिक्षक ईश्वर गुरागाईंलाई विशेष आभार प्रकट गर्दछु । हस्तलिखित लिपीलाई कुनै झर्कोफर्को नगरी मिहेनतकासाथ आवश्यक पर्ने शिल्प प्रविधि प्रयोग गरेर यस शोध कार्यलाई योग्य बनाउने भाइबुहारी लोचन पोखरेललाई विशेष धन्यवाद अर्पण गर्दछु ।

दामोदर पोखरेल
सुकुना बहुमुखी क्याम्पस
कोसीहरैंचा, मोरङ

# शोधसार

सामाजिक अध्ययनको सिकाइ उपलब्धिमा प्रभाव पार्ने कारक तत्त्वहरू नामक शोध अनुसन्धानको शीर्षकमा तयार पारिएको यस अनुसन्धानात्मक कार्यको मुख्य उद्‌देश्य सामाजिक अध्ययनको सिकाई उपलब्धिमा प्रभाव पार्ने कारक तत्त्वहरूको विश्लेषण गर्नु रहेको छ ।

यो अध्ययन मोरङ जिल्लाको राधाकृष्ण स्रोतकेन्द्र अन्तर्गतका तीनओटा विद्यालयका कार्यरत प्रधानाध्यापकहरू, सामाजिक विषयका शिक्षकहरू, शिक्षकअभिभावक संघका अध्यक्ष, सम्बन्धित स्रोतकेन्द्रका वि.नि, स्रोतव्यक्ति र प्रत्येक विद्यालयका १०/१० जना छात्र/छात्रा विद्यार्थीहरू समेत छनौट गरिएको छ । छनौटमा परेकामध्ये प्रधानाध्यापक, शिक्षक, वि.नि., स्रोतव्यक्तिहरूका लागि प्रश्नावली, विद्‌यार्थीका लागि अन्तर्वार्ता तथा प्रश्नावली र अभिभावकका लागि अन्तर्वार्ताका माध्यमबाट सुचना सङ्कलन गरिएको छातथ्याङ्कको व्याख्या तथा विश्लेषण गर्नका लागि वर्णनात्मक, विवरणात्मक र समालोचनात्मक ढाचाको प्रयोग गरिएको छ ।

यस शोधसँग सम्बन्धित रहेर वर्तमान अवस्थाको सिंहालोकन गर्दा धेरैजसो प्रधानाध्यापक सामाजिक विषयवस्तुको बारेमा अनभिज्ञ रहे पनि शिक्षकहरूको न्यूनतम शैक्षिक योग्यता, तालिम र अनुभव माध्यमिक शिक्षक बन्नका लागि उपयुक्त भएको पाइएको छ । तर प्राय विद्‌यार्थीहरूको कमजोर बसाइ व्यवस्थापन, अनुपयुक्त शैक्षणिक विधि, न्यून शैक्षिक सामग्रीको प्रयोग र पाठ्यभार अनुसारको समयको तालमेल नमिल्नु जस्ता कारणले शिक्षण सिकाइ प्रभावित भएको देखिन्छ । सूचना सङ्कलनमा प्रयोग गरिएका तीन विद्यालय मध्ये पोखरिया उ.मा.वि. मा छलफल गर्न मिल्ने बसाइ व्यवस्था, विद्यार्थी केन्द्रित शिक्षण विधि, अवलोकन भ्रमणको व्यबस्था, गृहकार्यको नियमितता जस्ता कारणले तुलनात्मक रुपमा सिकाइ उप्लब्धि बढी भएको पाइएको छ ।यस शोध अध्ययनले सिकाइ उपलब्धिमा प्रभाव पार्ने विभिन्न तत्त्वहरूलाई यहाँ प्रस्तुत गरेको छ । जस्तैः कक्षा शिक्षणमा आवश्यक पर्ने शैक्षिक सामग्री व्यवस्थापन र शिक्षण सिकाइ क्रियाकलापमा शिक्षक-विद्यार्थीको सहभागिता अति महत्त्वपूर्ण तत्त्वभित्र पर्दछन् । त्यस्तै गरेर विद्यार्थी गृहकार्यको नियमितता र अनिवार्य परीक्षण गर्नु गराउने साथै शिक्षकमा सामाजिक विषयप्रतिको ज्ञानको गहिराइको अवस्था समेत सिकाइउपलब्धी हासिल गराउने तँत्त्वभित्रै

पर्दछन् । साथै अवलोकन भ्रमण तथा परियोजना कार्य (पाठअभ्यास)को परिपूर्णता गर्ने गराउनाले पनि सिकाइ उपलब्धि वृद्धिमा महत्वपूर्ण भूमिका खेल्दछ ।

सिकाइ उपलब्धि वृद्धि गर्न प्रयोग हुने प्रभावकारी तत्वको परिचालन गर्न सबै क्षेत्रको विस्तृत ज्ञान भएका शिक्षकको अभाव रहनु, तालिममा सिकेका ज्ञानसिप कक्षा कोठामा नपुग्नु, निम्नतम सिकाइ उपलब्धि हासिल नगराई कक्षा चढाउनु, शैक्षिक सामग्रीहरू वेलामा उपलब्ध नहुनु, सामाजिक विषयलाई कम महत्व दिनु, प्रधानाध्यापकले कार्यकुशलताका साथ शिक्षकलाई परिचालन गर्न नसक्नु जस्ता समस्याहरू देखिएका छन् ।

यी माथि देखिएका समस्याहरूलाई समधान गर्न यससँग सम्बन्धित शिक्षक, विद्यार्थी, अभिभावक र प्रधानाध्यापक लगायतका सबै सरोकारवालाहरूले आ-आफ्नो ठाउँबाट सकारात्मक प्रयास गर्नु पर्दछ । जस्तैः शिक्षकले कर्तव्यनिष्ठ भई तालिममा सिकेका ज्ञानसिपलाई कक्षाकोठामा पुऱ्याउनु पर्दछ , प्र.अ.ले नेतृत्वदायी भूमिका निर्वाह गर्दै शिक्षक तथा विद्यार्थीलाई नियमित बनाउनु पर्दछ । यस्तै गरेर निम्नतम सि.उ. प्राप्त गरेका विद्यार्थीलाई मात्र कक्षा चढाउने व्यवस्था गर्नु पर्दछ । यस बाहेक शिक्षा मन्त्रालय, शिक्षा विभाग, पा.वि.के., जि.शि.का., शैक्षिक तालिम केन्द्रले पाठ्यपुस्तक समयमानै उपलब्ध गराउने, वहुपाठ्यपुस्तक विकास तथा प्रयोग गर्ने, पढाइ हुने दिन बढाउने, पाठ्यक्रमलाई चुस्त र दुरुस्त पार्दै सिकाइलाई यससँग जोड्न शिक्षकलाई सूचनाप्रविधिसँग सम्बन्धित तालिम दिलाउने, मूल्याङ्कनमा प्रयोगात्मक परीक्षा संलग्न गर्ने, विश्वविद्यालयले वि.एड. कार्यक्रममा सामाजिक विषयको सम्पूर्ण एकाइ समेट्ने पाठ्यक्रम तयार गरी लागु गर्ने जस्ता नीतिनियम बनाइ कार्यान्वयन गरेको खण्डमा सामाजिक अध्ययनको सिकाइ उपलब्धिमा सकारात्मक प्रभाव पर्ने सुझाव प्राप्त भएका छन् ।

## विषयसूची

पृष्ठसङ्ख्या


| | |
|---|---|
| सिफारिश पत्र | ख |
| स्वीकृति पत्र | ग |
| कृतज्ञता ज्ञापन | घ |
| शोधसार | च |
| सङक्षिप्त शब्द रूप | ज |

**परिच्छेद एक : परिचय**

| | | |
|---|---|---|
| १.१ | अध्ययनको पृष्ठभूमि | १ |
| १.२ | समस्याको कथन | २ |
| १.३ | अध्ययनको उद्देश्य | ३ |
| १.४ | अनुसन्धानात्मक प्रश्न | ४ |
| १.५ | अध्ययनको महत्त्व | ४ |
| १.६ | अध्ययनको परिसीमा | ४ |
| १.७ | प्रयोग भएका पारिभाषिक तथा प्राविधिक शब्दहरू | ५ |

**परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन र अवधारणात्मक ढाँचा**

| | | |
|---|---|---|
| २.१ | सैद्धान्तिक साहित्यको पुनरावलोकन | ६ |
| २.२ | सम्बन्धित साहित्यको पुनरावलोकन | १० |
| २.३ | पुनरावलोकनको शैक्षिक उपादेयता | १५ |

**परिच्छेद तीन : अध्ययन विधिर प्रकृया**

| | | |
|---|---|---|
| ३.१ | अध्ययनको ढाँचा र विधि | १७ |
| ३.२ | जनसङ्ख्या नमुना र नमुना छनौट रणनीति | १७ |
| ३.३ | अध्ययनको क्षेत्र | १८ |
| ३.४ | तथ्याङ्क सङ्कलनका साधन र तरिका | १८ |
| ३.५ | तथ्याङ्क सङ्कलन प्रक्रिया | १९ |
| ३.६ | तथ्याङ्कको व्याख्या तथा विश्लेषण | २० |

**परिच्छेद चार : नतिजाको व्याख्या एवम् विश्लेषण**


| | |
|---|---|
| ४.१ सामाजिक अध्ययनको शिक्षण सिकाइ क्रियाकलापको वर्तमान अवस्था | २१ |
| ४.१.१शिक्षकहरूको शैक्षिक योग्यता, मूल विषय र शिक्षण अनुभव | २१ |
| ४.१.२सामाजिक अध्यायनकोशैक्षिक सत्र २०६९ र ०७० को औषत सि.उ.को अवस्था | २२ |
| ४.१.३शिक्षण सिकाइ क्रियाकलापमा शिक्षकको सहभागिता | २३ |
| ४.१.४ तालुक निकाय वा व्यक्तिबाट अनुगमन र सुपरिवेक्षण | २८ |
| ४.१.५प्रधानाध्यापकलाई सामाजिकसँग सम्बन्धित विषयवस्तुको ज्ञान तथा चासो | २९ |
| ४.१.६ स्रोतकेन्द्रस्तरीय कार्यपात्रो अनुसार शैक्षिक गतिविधि | ३१ |
| ४.२ सामाजिक अध्ययनको सिकाइ उपलब्धिलाई प्रभाव पार्ने तत्त्वहरू | ३२ |
| ४.२.१ शैक्षिक सामग्रीको व्यवस्थापन र प्रयोग | ३२ |
| ४.२.२ विषयगत शिक्षकको, योग्यता र शिक्षण अनुभव | ३४ |
| ४.२.३ कक्षा शिक्षणको तयारी, शिक्षण विधि र गृहकार्य | ३५ |
| ४.२.४ अनुगमन तथा सुपरिवेक्षणको प्रभावकारिता | ३७ |
| ४.२.५ शैक्षिक योजना निर्माण गर्ने सिप | ३७ |
| ४.२.६ परियोजना कार्य र शैक्षिक भ्रमण | ३९ |
| ४.२.७ पाठ्यपुस्तक र सन्दर्भ सामग्रीको उपलब्धता | ४० |
| ४.३ सामाजिक अध्ययनको सि.उ.हासिल गर्न आइपर्ने समस्याको पहिचान | ४१ |
| ४.३.१ सामाजिक विषय शिक्षकमा क्षेत्रगत ज्ञानको अभाव हुनु | ४१ |
| ४.३.२ तालिमबाट सिकेका ज्ञानसिप कक्षा कोठामा पुऱ्याउन नसक्नु | ४२ |
| ४.३.३ सामाजिक अध्ययनको सि. उ. तल्लो कक्षादेखि नै पूरा नहुनु | ४३ |
| ४.३.४ विद्यार्थीलाई आवश्यक पर्ने शैक्षिक सामग्री समयमा नै उपलब्ध नहुनु | ४४ |
| ४.३.५भद्दा र धेरै विषयवस्तु हुनु | ४४ |
| ४.३.६ पाठ्यक्रम र पाठ्यपुस्तक बीच तालमेल नहुनु | ४५ |
| ४.३.७ मूल्याङ्कन प्रणालीमा त्रुटी रहनु | ४५ |
| ४.३.८ अभिभावकले बालबालिकाको सिकाइप्रति चासो नदिनु | ४५ |
| ४.३.९विद्यार्थीले सामाजिक विषयलाई कम महत्त्व दिनु | ४६ |
| ४.३.१० विद्यार्थी विद्यालयमा नियमित नआउनु | ४७ |

४.३.११भाषिक समस्या हुनु ४८

४.३.१२ प्रधानाध्यापकको प्रशासनिक कार्यकुशलतामा कमी हुनु ४९

४.४ सामाजिकको सि.उ. हासिल गर्न आइपर्ने समस्या समाधानका उपायहरू ५०

४.४.१ स्वअध्ययन गर्न शिक्षकलाई रुची जगाउनु पर्ने ५०

४.४.२ तालिममा सिकेका कुरालाई कक्षाकोठामा पुऱ्याउनु ५१

४.४.३ विद्यार्थीलाई विद्यालयमा नियमित बनाइनुपर्ने ५२

४.४.४ पाठ्यक्रम र पाठ्यपुस्तकलाई चुस्त र दुरुस्त पार्नु ५३

४.४.५ भाषिक कठिनाइकोसमाधान गर्नु ५४

४.४.६ तल्लो कक्षादेखि नै सामाजिकको सि.उ. पुरा गरेर मात्र कक्षा चढाउनु ५५

४.४.७ मूल्याङ्कन पद्धतिमा सुधार ल्याउनु ५६

४.४.८ सरोकारवाला सबैले आ-आफ्नो भूमिका निर्वाह गर्नु पर्ने ५६

४.५ प्राप्ति तथा सारांश ६०

४.५.१ प्राप्ति ६१

४.५.२ सारांश ६३


**परिच्छेद पाँच : निष्कर्ष र सुझाव**


५.१ निष्कर्ष ६५

५.२ सुझावहरू ६६

५.२.१ नीतिगत तहका लागि सुझावहरू ६६

५.२.२अभ्यास तहका लागि सुझावहरू ७०

५.२.३ अनुसन्धान तहका लागि सुझावहरू ७२

सन्दर्भसूचीहरू ७४

अनुसूचीहरू ७६

# सङ्क्षिप्त शब्द रूप

सि.उ. = सिकाइ उपलब्धि

वि.नि. = विद्यालय निरीक्षक

प्र.अ. = प्रधानाध्यापक

मा.वि. =माध्यमिक विद्यालय

पा.वि.के.= पाठ्यक्रम विकाश केन्द्र

जि.शि.का.=जिल्ला शिक्षा कार्यालय